नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

टेलिफोन नं:-०६८ ५२११२२
एक्स्चेन्ज नं:-०६८ ५२११९४
फ्याक्स नं:-०६८ ५२११०४
ईमेल: no23brigade@gmail.com

नं.२३ बाहिनी अड्डा,
शेराडिल ब्यारेक, बागलुङ ।

प.सं.१४९४०/ए/१४/भर्ना/०७५/७६/९५

मिति २०७६/०१/०९ गते ।

श्री जिल्ला प्रशासन कार्यालय,
बागलुङ ।

श्री बागलुङ नगरपालिका,
बागलुङ ।

श्री जिल्ला प्रहरी कार्यालय,
बागलुङ ।

श्री लोकसेवा आयोग कार्यालय,
बागलुङ ।

## सैन्य भर्ना दरखास्त आब्हानको सुचना टांस गरिदिनु हुन

१. श्री भर्ना छनौट निर्देशनालय कार्यरथी बिभाग जंगी अड्डाबाट मिति २०७६/०१/०३ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका बिभिन्न पदहरु मध्ये समावेशी तथा खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नको लागि भर्ना केन्द्र श्री नं.२३ बाहिनी अड्डा, शेराडिल ब्यारेक, बाग्लुङ्ग, भर्ना उपकेन्द्र श्री बज्रदल गण, जोमसोम ब्यारेक, मुस्ताङ र भर्ना उपकेन्द्र श्री श्रीबक्स गुल्म, अथुङ्गे ब्यारेक, म्याग्दी तोकिएको हुंदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिक स्वयम् उपस्थित भई यस बाहिनी अड्डामा रु.१०।- को टिकट टांसी दरखास्त पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

२. दरखास्त पेश गर्ने स्थान. (१) श्री नं.२३ बाहिनी अड्डा, शेराडिल ब्यारेक, बागलुङ
(२) श्री बज्रदल गण, जोमसोम ब्यारेक, मुस्ताङ
(३) श्री श्रीबक्स गुल्म, अर्थुङ्गे ब्यारेक, म्याग्दी

३. बिज्ञापन नं. तथा भर्ना दर्जा र भर्ना स्थान
भर्ना केन्द्र: श्री नं.२३ बाहिनी अड्डा, बागलुङ
भर्ना उपकेन्द्र: श्री बज्रदल गण, जोमसोम
भर्ना उपकेन्द्र: श्री श्रीबक्स गुल्म, म्याग्दी

| सि.नं. | बिज्ञापन नं. | पद | समावेशी तर्फ | | | | | खुल्ला तर्फ | शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पिछाडिएको क्षेत्र | | | |
| १ | ०७५/७६/५३ | सैन्य | १३ | २० | १८ | ९ | ३ | ७३ | ४ | १४० |

४. <u>दरखास्त पेश गर्ने मिति.</u> मिति २०७६/०१/०३ गतेदेखि अन्तिम मिति २०७६/०२/०१ गतेको कार्यालय समयभित्र । साथै दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट दोब्बर दस्तुर बुझाई थप दिन ७ (सात) मिति २०७६/०२/०८ गतेको कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ । अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो भन्दा पछाडी कार्यालय खुल्ने दिन दर्ता गर्न सकिने छ ।

५. <u>दरखास्त दस्तुर.</u> दरखास्त फाराम बुझाउंदा रु.१५०।- (सैन्य पदको लागि) तर सो बिज्ञापन (पदमा) एक भन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहका लागि २० प्रतिशतका दरले थप दस्तुर लाग्ने छ ।

६. <u>आवश्यक योग्यता.</u>

(क) <u>शैक्षिक योग्यता</u>. कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ र १० उत्तीर्ण हुनेहरुले कक्षा ८ उत्तीर्ण गरेको प्रमाण पत्र समेत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । एस.एल.सि. (एस.ई.इ) परीक्षामा 2GPA देखि माथि) वा सो भन्दा माथि उतीर्ण हुनेहरुको हकमा कक्षा ८ को प्रमाणपत्र बुझाउन नपर्ने ।

(ख) <u>शारिरीक योग्यता.</u>

| सि.नं. | बिवरण | पुरुष | महिला | कै |
|---|---|---|---|---|
| १ | उचाई | ५ फिट ३ ईन्च | ५ फिट ० ईन्च | चस्मा प्रयोग गर्ने भएमा आंखा +- २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने |
| २ | छाती | नफुलाउदा ३२ ईन्च र फुलाउदा ३४ ईन्च | | |
| ३ | वजन | ५० के.जी (११० पौंण्ड) | ४० के.जी.(८८ पौंण्ड) | |
| ४ | उमेरहद | १८ वर्ष पुरा भई २२ ननाघेको | १८ बर्ष पुरा भई २५ ननाघेको | |

७. <u>फोटोग्राफ.</u> उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान) प्रष्ट देखिने फोटो प्रति-३ (तीन) दरखास्त साथ पेश गर्नु पर्ने छ ।

८. **अन्य योग्यता:** सैन्य पदका उम्मेद्‌वारहरुको हकमा अविवाहित हुनु पर्ने (बहालवाला सैनिक व्यक्ति बाहेक)

९. <u>उमेरको हद:</u> दरखास्त पेश गर्ने अन्तिम मिति २०७६/०२/०१ गतेसम्म १८ बर्ष पुरा भई २२ बर्ष ननाघेको र बहालवाला फाल्वर्सको हकमा २६ बर्ष ननाघेको हुनु पर्नेछ ।

१०. <u>सम्पर्क मिति र स्थान</u>. मिति २०७६।०२।०९ गतेको १४३० बजे दरखास्त पेश गरेको सम्बन्धित भर्ना केन्द्रमा ।

१०. सम्बन्धित ट्रेडका पाठ्यक्रमहरु र भर्ना छनौट सम्बन्धी सुचना नेपाली सेनाको वेभसाईट <u>www.nepalarmy.mil.np</u> मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ

(रामकाजी कुमाल)
सेनानी
जि.१ पर्शनल